# प्रदेश लोक सेवा आयोग,मधेश प्रदेश

**प्रदेश निजामती सेवा, प्रशासन सेवा,सामान्य प्रशासन /लेखा समूह ,अधिकृत सातौं तहको (अप्राविधिक) खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षा**

**मितिः २०८२/१२/२४**

**पत्रः द्वितीय पत्र**

समयः३ घण्टा | **विषयःशासन प्रणाली (Governance System)** | **पूर्णाङ्कः१००**

**निम्न प्रश्नहरुको उत्तर "खण्ड" अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

## खण्ड(क)Section-A — 30Marks

1. नेपालमा अनौपचारिक शासन र नागरिक समाजको सहभागीताले स्थानीय शासन/प्रशासनमा कस्तो प्रभाव परेको छ? सकारात्मक र नकारात्मक पक्षहरु उल्लेख गर्दै तर्क प्रस्तुत गर्नुहोस्।
   How have informal governance mechanisms and civil society participation impacted local governance/administration in Nepal? Discuss both Positive and negative aspects with reasoning. [7+3=10]
2. निर्वाचन चक्रले लोकतान्त्रिक शासन प्रणालीमा स्थायित्व र पारदर्शितामा के कस्तो भुमिका निर्वाह गर्न सक्छ? नेपालको सन्दर्भमा उदाहरणसहित व्याख्या गर्नुहोस्।
   What role can the electoral cycle play in ensuring stability and transparency in a democratic system? Explain with examples in Nepalese context. [6+4=10]
3. लोकतन्त्र र गणतन्त्रका आधारभूत विशेषताहरु (Basic features of Democracy and Republic) उल्लेख गर्दै नेपालको गणतान्त्रिक शासन व्यवस्थाको कार्यान्वयनमा देखिएका चुनौतीहरु औंल्याउनुहोस्।
   After mentioning the basic features of Democracy and Republic, identify the challenges while implementing republic governance system in Nepal? [6+4=10]

## खण्ड(ख)Section-B — 20Marks

4. मानव अधिकारका मुल सिद्धान्तहरु उल्लेख गर्नुहोस। साथै लोकतन्त्र र मानवअधिकारको सम्बन्ध प्रकाश पार्नुहोस्।
   Mention the fundamental principles of human rights and highlight the relation between democracy and human rights. [5+5=10]
5. नेपालमा नागरिक चेतनाको स्तर बढाउन कुन-कुन उपायहरु प्रभावकारी हुन सक्छन्? नागरिक अधिकार,दायित्व, सामाजिक उत्तरदायित्व र लोकतान्त्रिक अभ्यासको आलोकमा उदाहरणसहित प्रस्तुत गर्नुहोस्।
   What measures could effectively enhance civic awareness in Nepal? Justify your answer with examples in the light of citizen's rights, responsibilities, social accountability and democratic practices. [4+6=10]

## खण्ड(ग)Section-C **30 Marks**

6. सार्वजनिक सेवाको अवधारणा र सार्वजनिक सेवा प्रवाहका माध्यमहरुबारे प्रकाश पार्दै सार्वजनिक सेवा प्रवाहमा देखा परेका नवप्रवर्तनशील अभ्यासहरुको संक्षिप्त चर्चा गर्नुहोस् ।
Explain the concept of public service and describe the different means of public service delivery. Briefly highlight the recent innovative practices in public service delivery. [2+3+5=10]

7. आधुनिक निजामती सेवामा हुनुपर्ने नैतिक र पेशागत मूल्य तथा मान्यताहरुको चर्चा गर्नुहोस् ।
Describe ethical and professional values a modern civil service should embody in it. [10]

8. नेपालका प्रदेशहरुमा गरिने नीति निर्माण प्रक्रिया प्रष्ट गर्दै नीति कार्यान्वयनलाई प्रभावकारी बनाउने (प्रदेशमा) उपायहरुको व्याख्या गर्नुहोस् ।
Classify policy making process in Nepalese provinces and explain the ways to implement provincial policy effectively. [5+5=10]

## खण्ड(घ)Section-D **20Marks**

9. स्थानीय तहको बजेट तर्जुमा प्रकृया (Procedure of Budget-Formulation) बारेमा उल्लेख गर्दै बजेट विनियोजनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ? ठोस उपाय बताउनुहोस्।
Mention the procedure of Budget formulation of local levels. Suggest the measures to make budget allocation more effective. [5+5=10]

10. लेखा परीक्षण ऐन, २०७५ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पुर्णस्वामित्व भएको संगठित संस्थाको लेखापरिक्षण सम्बन्धमा के-कस्तो व्यवस्था गरेको छ? ठोस उपाय बताउनुहोस् ।
Briefly mention the key provisions of the Audit Act, 2075 BS regarding the auditing of corporate bodies fully owned by the Government of Nepal, provincial governments, and local governments. [10]

* समाप्त *